

# औपचारिक र अनौपचारिक न्याय प्रणालीका साझा सिद्धान्तहरु विषयक

# जानकारी पत्र

महिला, कानुन र विकास मञ्च (FWLD)

Activity supported by the
Canada Fund for Local Initiatives
स्थानीय अग्रसरताका लागि
क्यानडा कोष
Canada

# औपचारिक र अनौपचारिक न्याय प्रणालीका साझा सिद्धान्तहरु*

## ■ न्यायको अवधारणा

न्याय भन्नाले सत्य, निष्पक्ष र उचित भन्ने बुझिन्छ । यस अर्थमा पीडितमाथि भएको अन्यायपूर्ण कार्यको न्यायिक परिणाम दिनु वा न्याय दिलाउनु न्याय हो भने अभियुक्तलाई आफ्नो कार्यप्रति जिम्मेवार र दायित्वभागी बनाउनु पनि न्याय हो । समाजले अवलम्बन गर्ने न्यायिक प्रक्रिया पद्धति, सामाजिक बनोट र कानूनी अवधारणाका आधारमा न्यायको बुझाईमा विविधता हुन सक्दछ । त्यसो हुँदाहुँदै पनि समाजले अवलम्बन गर्ने कानूनी प्रणालीका आधारमा व्यक्तिले प्राप्त गर्ने सत्य, निष्पक्ष र उचित व्यवहार नै न्याय हो ।

न्याय व्यक्तिको नैसर्गिक मानव तथा मौलिक अधिकार हो । आफूलाई परेको मर्का वा अधिकारको प्रचलनको लागि न्यायको खोजी गर्ने अधिकार प्रत्येक व्यक्तिसँग रहेको हुन्छ । यस्तो उचित उपचारको खोजी गर्ने, त्यस्तो उपचार सक्षम निकायबाट प्राप्त गर्ने अधिकार पनि व्यक्तिको न्यायिक अधिकारभित्र समेटिएको हुन्छ । न्यायिक उपचार औपचारिक र अनौपचारिक निकायबाट प्रवाह हुने गरेको पाइन्छ । यस्ता औपचारिक र अनौपचारिक न्यायिक संयन्त्रहरूको संक्षिप्त जानकारी राख्न आवश्यक हुन्छ ।

## ■ औपचारिक न्याय प्रणाली

सामान्यतयाः समाजमा देखा पर्ने सबै प्रकृतिका विवादहरु समाधान गर्न राज्यका कानूनद्वारा स्थापित नियमित अदालतहरु सामान्य अदालत हुन् । जस्तै, सर्वोच्च अदालत, पुनरावेदन अदालत, जिल्ला अदालत । त्यसै गरी कुनै विशेष प्रकृतिका विवादहरूको निरूपणका लागि कानूनद्वारा स्थापित अदालतहरूलाई विशेष अदालतको रूपमा बुझिन्छ । यी अदालतहरूले हेर्न सक्ने मुद्दाको सम्बन्धमा कानूनमा नै स्पष्ट तोकिएको हुन्छ । जस्तै, भ्रष्टाचारसम्बन्धी कसुर हेर्ने विशेष अदालत, श्रम सम्बन्धी विवादको निरूपणको लागि श्रम अदालत, निजामति कर्मचारीको विभागीय कारवाही तथा अन्य विवादको निरूपणको लागि प्रशासकिय अदालत, आदि । अर्कोतर्फ न्यायिक काम समेत गर्ने गरी अधिकार प्रदान गरिएका प्रशासकीय कार्यालयहरूलाई अर्धन्यायिक निकाय भनिन्छ जस्तै जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, भूमिसुधार कार्यालय, अध्यागमन कार्यालय आदि ।

## ■ अनौपचारिक न्यायिक संयन्त्र

अनौपचारिक न्यायिक संयन्त्र भन्नाले कानुन वा राज्यद्वारा स्थापित नगरिएका तर समाजमा हुने सामान्य प्रकृतिका विवादहरु मिलाउने संयन्त्रलाई अनौपचारिक न्यायिक संयन्त्र भनिन्छ । यी संयन्त्रहरु समाजको विकासक्रमसँगै विकसित र परिमार्जित हुँदै आएको पाइन्छ । समाजको विविधतासँगै यसको स्वरूप र प्रकृति फरक-फरक हुने र विवाद समाधान गर्ने पद्धति समेतमा विविधता पाइन्छ । अनौपचारिक संयन्त्रभित्र परम्परागत संयन्त्र र विकासमूलक संस्थाद्वारा स्थापित वा सहयोग प्राप्त संयन्त्रहरु जस्तै, पारालिगल र सामुदायिक मध्यस्थ रहेका हुन्छन् । परम्परागत संयन्त्रको रूपमा नेपालमा जातीय वा धार्मिक समुदायहरूका अगुवा वा समाजका अग्रजद्वारा विवादहरूको समाधान गर्ने प्रचलन परापूर्वकाल देखि नै रहेको पाइन्छ ।

---

* यो प्रकाशनमा पहुँचयोग्य न्यायका लागि साझेदारी कार्यक्रम अन्तर्गत राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपालले तयार गरेको ***औपचारिक र अनौपचारिक न्याय प्रणालीका साझा सिद्धान्तहरु,*** *२०७०* मा आधारित भई साझा सिद्धान्तहरूलाई सरलीकृत रूपमा प्रस्तुत गरिएको छ ।

## नेपालमा प्रचलित केही परम्परागत अनौपचारिक न्यायिक संयन्त्रहरु

- **शीर उठाउने** : धनकुटा, ओखलढुगा, भोजपुर, संखुवासभा, उदयपुर र खोटाङ जिल्लाका राई समुदायमा शीर उठाउने प्रक्रियामार्फत व्यक्तिगत विवाद समाधान गर्ने परम्परागत संयन्त्र ।
- **किसान अदालत** : झापा, मोरङ र सुनसरी जिल्लाका किसान समुदायमा विवाद समाधान गर्ने परम्परागत संयन्त्र । यसले साना-तिना झैंझगडा, घरेलु हिंसा र विवाहसँग सम्बन्धित विवादहरु मिलाउने गरेको छ ।
- **अन्जुमन** : मुस्लिम समुदायमा तीन जनाको मुस्लिम समाज बसेर विवाद समाधान गर्ने परम्परागत संयन्त्र ।
- **पन्चेती** : सिराहा र सप्तरी खाङ-खत्वे दलित समुदायमा रहेको परम्परागत विवाद समाधान गर्ने संयन्त्र ।
- **तमुधी** : गुरूङ समुदायमा साना-तिना विवादहरु समाधान गर्ने परम्परागत संयन्त्र ।
- **मुखिया** :थकाली समुदायको घना वस्ती भएका मनाङ र मुस्ताङ जिल्लामा परम्परागत रूपमा विवाद समाधान गर्ने संयन्त्र ।
- **समाज** : पूर्वी नेपालका झापा र मोरङ जिल्लामा रहेका सतार समुदायमा विवाद समधान गर्ने संयन्त्र ।
- **थकाली सेवा समाज** : थकाली समुदायमा विवाद समाधान गर्ने संयन्त्र ।
- **बडघर** : नवलपरासी, बर्दिया र बाँके जिल्लामा रहेका थारू समुदायका सानातिना विवादहरु समाधान गर्ने परम्परागत संयन्त्र ।
- **पञ्च भलादमी** : पूर्वी नेपालमा परम्परागत रूपमा विवाद समाधान गरी अनौपचारिक संयन्त्र ।
- **भलभन्सा** : कैलाली जिल्लाका थारू समुदायमा विवाद समधान गर्ने परम्परागत संयन्त्र ।
- **बारा बस्ने**: बाँके जिल्लाको मगन्तपुरका माहुत समुदायमा रहेको विवाद समाधान गर्ने संयन्त्र ।
- **भाटुवाई** : नवलपरासी जिल्लाको सुनवल गाविसमा रहेको कुँवर समुदायका विवाद समाधान गर्ने संयन्त्र ।
- **कटकन्दार र मतवा** : दाङ जिल्लाको थारू समुदायमा रहेको विवाद समाधान गर्ने परम्परागत संयन्त्र

***साभार**: अनौपचारिक न्यायिक संयन्त्रको लागि न्याय लैङ्गिकता र मानव अधिकारसम्बन्धी सहयोगी पुस्तिका, २०६९, महिला, कानुन र विकास मञ्च (FWLD), कानुनी सहायता तथा परामर्श केन्द्र (LACC), इन्टरनेशनल एलर्ट, युरोपियन युनियन*



## ■ औपचारिक तथा अनौपचारिक न्यायिक प्रणालीले अवलम्बन गर्नुपर्ने न्यायका साझा सिद्धान्तहरू

### विवाद समाधानमा निष्पक्षता र तटस्थताको सिद्धान्त

- निष्पक्षता भन्नाले विवाद समाधान गर्दा विवादको विषयमा यस्तो समाधान उचित हुन्छ भनी परिणामप्रति झुकाव वा पूर्वाग्रह वा पूर्वधारणा नराख्नु हो।
- तटस्थ भन्नाले विवाद समाधानमा संलग्न व्यक्ति वा समुहको विवादका पक्षहरूसँग विशेष खालको सम्बन्ध वा झुकाव नरहनु हो।
- विवाद समाधानमा संलग्न व्यक्ति वा व्यक्तिहरूको समुह वा संस्थाले विवादका कुनै पक्ष वा विपक्षको प्रतिनिधिको रूपमा नभई तटस्थ र निष्पक्ष व्यक्तिको रूपमा काम गर्नुपर्छ।
- कसैको पक्ष वा विपक्षमा झुकाव राखी कार्य गर्न र मोलाहिजामा पर्नु हुँदैन।
- विवादका पक्षहरूलाई उनीहरूको इच्छा विपरीत दबाब, प्रभाव वा प्रलोभनमा पार्न वा मिलापत्र गर्न हस्तक्षेप गर्नु हुँदैन।
- विवादका कुनै वा दुवै पक्षले विवाद समाधानमा संलग्न व्यक्ति वा संस्थाको निष्पक्षतामा शंका देखाएमा त्यस्तो विवादको समाधान गर्ने जिम्मेवारीबाट अलग हुनु उपयुक्त हुन्छ।
- विवाद समाधान प्रक्रियामा सहभागी भएपछि कानून वमोजिम लिन पाउने वा दुवै पक्षको सहमतिबाट पाउने पारिश्रमिकवाहेक विवाद समाधानमा संलग्न भएबापत अन्य दान, उपहार, ऋण, चन्दा, कोसेली वा अनुचित लाभ लिन वा दिन वा स्वीकार गर्नु हुँदैन।
- विवाद समाधान गर्दा आफ्नो हित नहेरी विवादित पक्षहरूको हितलाई सर्वोपरी रूपमा लिनुपर्दछ।

### समानताको सिद्धान्त

- विवाद समाधान गर्दा विवादका दुवै पक्षहरूलाई समान व्यवहार गर्नुपर्छ।
- विवाद समाधान गर्ने प्रक्रियामा स्वच्छता र सन्तुष्टीको अनुभूति पक्षहरूलाई गराउनुपर्दछ साथै भेदभाव नहुने कुराको सुनिश्चितता गराउनु पर्दछ।
- दुवै पक्षलाई आफ्नो कुरा राख्न समान अवसर दिनुपर्छ।
- पक्षहरूबीच जातजाति, धर्म, वर्ण, लिंग, भाषा, उमेर, आर्थिक हैसियत, राजनैतिक संलग्नता, सामाजिक र पारिवारिक स्थिति आदि आधारमा भेदभाव वा असमान व्यवहार गर्नुहुँदैन।

- विवादमा नावालक, अतिवृद्ध व्यक्ति, शारीरिक वा मानसिक रूपमा अशक्त व्यक्तिहरु भएको अवस्थामा उनीहरूलाई प्राथमिकता दिनुपर्छ वा निजहरूको तर्फबाट उचित प्रतिनिधित्वको अवसर प्रदान गर्नुपर्छ।

## प्राकृतिक न्यायका सिद्धान्तको पालना

औपचारिक र अनौपचारिक न्यायिक पद्धतिमा विवाद समाधानमा संलग्न व्यक्ति वा संस्थाहरूले प्राकृतिक न्यायका सिद्धान्तको पूर्ण पालना गर्नुपर्छ। प्राकृतिक न्यायका मुख्यतः निम्न सिद्धान्तहरु रहेका छन्ः

### *क) दुवै पक्षको कुरा सुन्नुपर्छ भन्ने सिद्धान्त*

- विवाद समाधान गर्ने निकाय वा व्यक्ति वा संस्थाले विवादमा संलग्न दुवै पक्षलाई विवादित विषयमा आफ्नो भनाई, प्रमाण, दावी वा खण्डन प्रस्तुत गर्ने वा राख्ने पर्याप्त अवसर प्रदान गर्नुपर्दछ।
- दुवै पक्षले आफ्नो कुरा राखिसकेपछि मात्र निर्णय गर्न वा सहमति गराउने गर्नुपर्दछ।
- एक पक्षको दावी वा जिकिर वा प्रमाण वा खण्डन अर्को पक्षलाई सुनाई छलफल गराइ निर्णय वा सहमति गर्नुपर्छ।
- पक्षहरूलाई अहित हुने वा अस्वीकार गरेमा बाहेक विवादको छलफल खुला रूपमा गर्नुपर्छ। विवादको छलफल गर्दा पक्षहरूलाई आवश्यकता अनुसार समय दिनुपर्दछ।

### *ख) आफ्नो मुद्दा आफैले हेर्नु नहुने सिद्धान्त*

- विवाद समाधान गर्ने व्यक्तिले आफ्नो वा आफन्तको स्वार्थ वा हित रहेको मुद्दा वा विवादमा समाधानकर्ताको रुपमा सहभागी हुनु हुँदैन।
- यस्तो कुरा मुद्दा वा विवादको कारवाहीको प्रक्रिया शुरू भइसकेपछि मात्र जानकारी हुन आएमा पनि सो प्रक्रियाबाट अलग हुनुपर्छ।
- छनौटको अवसरको सिद्धान्त
- कानूनले स्पष्ट रूपमा रोक लगाइएको अवस्थामा वाहेक कुनै पनि पद्धति (औपचारिक वा अनौपचारिक) मार्फत न्याय खोज्न पाउने पक्षहरूको छनौटको अवसरलाई सम्मान गर्नुपर्दछ।
- प्रचलित कानूनको विपरीत नहुने गरी विवादका पक्षले रोजेका शान्तिपूर्ण विवाद समाधानका अन्य न्यायिक बाटाहरूमा अवरोध पुऱ्याउन वा रोक लगाउनु हुँदैन।
- समुदायले हेर्न वा मेलमिलाप गराउन नमिल्ने अपराधहरु जस्तैः चोरी, ज्यान, बलात्कार, अंगभंग कुटपीट, मानव वेचविखन, लागू औषधकाअपराधमा पीडितलाई प्रहरी वा तोकिएको निकायमा पठाउन सहयोग गर्नुपर्छ। साथै त्यस्ता निकायबाट न्याय प्राप्त गरिने कुराको जानकारी दिनुपर्छ।

## मानव अधिकारको सम्मानको सिद्धान्त

- विवाद समाधान गर्दा प्रत्येक व्यक्तिको अधिकारको सम्मान, पीडितको हित र वृहत रूपमा समाजको भलाई हेर्नुपर्दछ ।
- विवाद समाधानमा संलग्न व्यक्ति वा संस्थाले विवाद लिदा, छलफल गर्दा, निर्णय गर्दा वा कार्यान्वयन गर्दा समेत विवादका पक्षहरु, निजहरूका आफन्त, साक्षी लगायतका अन्य संलग्न व्यक्तिहरूको मानव अधिकारको उचित सम्मान गर्नुपर्छ ।
- लैङ्गिंक रूपमा संवेदनशिल हुनुपर्छ ।
- जातीय छुवाछुतलाई प्रश्रय दिने, महिला पुरूष बीचमा भेदभाव ल्याउने आदि जस्ता गतिविधिमा संलग्न हुनु हुदैन ।
- अनौपचारिक पद्धतिमा समाजको निर्णय नमान्नेलाई सामाजिक वहिष्कार गर्ने वा गाँउ निकाला गर्ने कार्य गर्नु हुँदैन । न्यायिक प्रक्रियामा दुवै पद्धतिले समन्याय र लैङ्गिक न्यायमा विशेष ध्यान दिनु जरूरी हुन्छ ।
- निर्णय पालन गर्न वा सहमतिमा पुग्न जर्वजस्ती गर्ने, दावी वा अपराध स्वीकार गर्न यातना दिने, कुटपीट गर्ने, डर, त्रास, दवाव आदि भौतिक वल प्रयोग गर्ने कार्य गर्नु हुँदैन ।

## पारदर्शिताको सिद्धान्त

- न्याय गरेर मात्र हुँदैन, गरेको पनि देखिनुपर्छ, पक्षले न्याय पाएको अनुभूति गर्नुपर्छ ।
- विवाद समाधानको प्रक्रिया वारेमा दुवै पक्षलाई जानकारी गराई सो अनुसार अघि बढ्नुपर्छ ।
- विवाद समाधानको प्रक्रियामा हुने पारदर्शिताबाट नै स्वच्छ सुनुवाइको अपेक्षा गर्न सकिन्छ । विवाद समाधानको लागि छलफल गर्दा दुवै पक्षको उपस्थितिमा गरिनुपर्दछ ।
- पक्षहरूले अनुमति नदिएमा वाहेक (औपचारिक र अनौपचारिक) विवादको पक्षहरूको उपस्थितिमा खुल्ला रूपमा छलफल गराइ समाधान खोजिनुपर्छ ।

## गोपनियताको सिद्धान्त

- पक्षहरूको व्यक्तिगत गोपनियताको उच्च सम्मान गर्नुपर्छ ।

- पक्षहरूले विवादको सुनुवाई गोप्य राख्न अनुरोध गरेको अवस्थामा पक्षको नाम, वतन, विवादको विषय लगायत पक्षसँग सम्बन्धित कुनै पनि विवरण अरूलाई जानकारी दिनु हुँदैन।
- आफुले विवाद समाधान गर्दा जानकारीमा हुन आएको कुनै पारिवारिक वा व्यक्तिगत गोप्य कुरा आफूलाई सुम्पिएको कर्तव्य निर्वाह गर्दावाहेक अन्य अवस्थामा पक्षहरूले अनुमति दिएमा वाहेक प्रयोग गर्न, खुलासा गर्न वा उद्धरण गर्नु हुँदैन।

### न्यायमा सहज पहुँचको सिद्धान्त

- जीवन, शिक्षा, स्वास्थ्य जस्तै न्याय पनि व्यक्तिको लागि अपरिहार्य आवश्यकताको रूपमा रहेको छ।
- न्याय खोज्नबाट कसैलाई विमुख गराउन वा यसमा अवरोध गर्न हुँदैन।
- न्याय सहज, सुलभ, छिटो र सवैको विश्वासनीय वनाउनु राज्यको साथै सवैको दायित्व पनि हो।
- विवाद समाधान प्रक्रिया सरल, कम खर्चिलो, छिटोछरितो र सवैको पहुँचयुक्त बनाउनेतर्फ प्रयत्नशील रहनुपर्छ। शारिरिक, मानसिक, सामाजिक वा आर्थिक आदि कारणले न्यायमा पहुँच हुन नसक्ने पक्षलाई विशेष प्राथमिकता र सहुलियत दिनुपर्छ।
- न्यायिक प्रक्रियाको दुरूपयोग गर्ने वा न्याय अनावश्यक रूपमा ढिलाइ गर्नु हुँदैन। न्याय खोज्ने कार्यमा अवरोध श्रृजना गर्ने वा निश्चित बर्ग वा व्यक्तिका विवाद नहेर्ने वा हेर्न इन्कार गर्नु हुँदैन।

### पक्षहरूको सहभागिताको सिद्धान्त

- विवाद समाधानमा सकभर पक्षहरूको सहभागितामा जोड दिनुपर्छ। उनीहरु आफैं उपस्थित हुन नसक्ने अवस्थामा निजका प्रतिनिधिहरूको उपस्थितिमा मात्र विवादको छलफल वा निर्णय गर्नुपर्छ।
- पक्षहरूलाई आफ्नो विवादको समाधान वा निर्णय वा सहमति खोजी गर्न जोड दिनुपर्छ वा सो अनुसारको वातावरण मिलाउनुपर्छ।
- कानूनी व्यवस्था वा सम्फौता भएकोमा भएकोमा बाहेक अन्य अवस्थामा पक्षहरूले रोजेको प्रक्रिया वा कार्यविधि वमोजिम विवाद समाधानको प्रक्रिया अगाडि बढाउनुपर्छ।
- समाजलाई असर नपर्ने देवानी, व्यापारिक र सानातिना फौजदारी प्रकृतिका विवादहरु समेत पक्षहरूले चाहेमा वार्ता, मेलमिलाप, समन्वय, मध्यस्थता आदि प्रक्रियाबाट पक्षहरूकै सहभागितामा समाधान खोज्न प्रोत्साहित गरिनुपर्छ।

- विवादका पक्षहरूले कानूनी परामर्श लिन चाहेमा यस्तो वातावरण मिलाइदिनु उपयुक्त हुन्छ।
- सकभर पक्षहरु स्वयंलाई आफ्नो विवादमा सहमति वा मेलमिलापमा पुग्न उत्प्रेरित गरी विवादको दिगो तथा स्थायी समाधानमा जोड दिनुपर्छ।

## सार्वजनिक नीति वा सामाजिक एकताको सिद्धान्त

- न्यायको उद्देश्य सबैको भलाई र हित हो। दुवै न्यायिक पद्धतिले सार्वजनिक नीति तथा हित विपरीत हुने गरी वा न्यायिक प्रक्रियाको दुरूपयोग हुने गरी विवाद समाधानको प्रक्रिया संचालन गर्न वा सहमति गर्न हुँदैन।
- कुनै एक विवादको समाधान गर्दा सकभर नयाँ विवाद श्रृजना हुने वा सामाजिक एकता, शान्ति र सुरक्षा खलबलिने वा अवरोध पुग्ने अवस्थाको श्रृजना गर्नुहुँदैन।

## अर्को पद्धतिप्रतिको सम्मान वा आस्थाको सिद्धान्त

- नेपालको अन्तरिम संविधानले न्यायसम्बन्धी अधिकार संविधान कानून र न्यायका मान्य सिद्धान्त अनुसार अदालत र न्यायिक निकायहरूबाट प्रयोग गरिने व्यवस्था गरेको छ। तथापि समाजमा परापूर्वकालदेखि प्रचलनमा रहेको अनौपचारिक पद्धतिलाई पनि समाजले मान्यता दिएको छ।
- औपचारिक र अनौपचारिक दुवै पद्धतिले आ-आफ्नो स्थानबाट न्याय संपादन र सामाजिक शान्ति कायम गर्नमा अहम् भूमिका खेलिरहेको हुँदा एकले अर्कोलाई घृणा वा अवमूल्यन गर्ने वा मान्यता नदिने गर्नु हुँदैन। औपचारिक र अनौपचारिक पद्धतिले एकले अर्कोलाई सहयात्री र परिपूरकको रूपमा उचित सम्मान, आस्था वा आदर गर्नुपर्छ। सौहार्दपूर्ण सम्बन्ध कायम हुनुपर्छ।
- दुईवटा पद्धतिको विद्यमानताबाट विवाद समाधानमा विकल्प वा पक्षहरूलाई छनौटको अवसर प्राप्त हुन्छ। गाउँ समाजमा अनौपचारिक माध्यमबाट हुने विवाद समाधान हाम्रो वैभव र सम्पत्ति भएकोले औपचारिक पद्धतिलाई पनि जगेर्ना, संरक्षण र प्रवर्द्धन गर्नु जरूरी हुन्छ।

## उच्च नैतिकताको सिद्धान्त

- विवाद समाधान गर्ने व्यक्ति निष्कलंक अथवा नैतिकवान हुनुपर्छ। विवादका पक्षहरूको विश्वास नभएमा सहमति वा निर्णयकर्ताको निर्णयबाट पक्षहरु सन्तुष्ट नहुने अवस्था आइपर्न सक्छ।

- विवाद समाधानमा संलग्न व्यक्ति वा संस्थाहरूले विवादका पक्षहरु, निजका आफन्तहरु, साक्षीहरु, कानून व्यवसायी र अन्य सम्बद्ध व्यक्तिहरूसँग नम्र र शालिन व्यवहार देखाउनुपर्छ ।
- देशको विद्यमान कानून, राज्य संयन्त्र, सामाजिक मर्यादा, पक्षहरूको आत्मसम्मानमा आँच पुग्ने गरी व्यवहार गर्नुहुँदैन ।
- पक्षहरूसँग विवाद समाधानमा छलफल वा सम्पर्क गर्दा जानकारी हुन आएको कुनै तथ्य वा उनीहरूको व्यक्तिगत चरित्रका कुराहरु सार्वजनिक नगरी गोप्यता कायम राख्नुपर्छ ।
- विवाद समाधानमा संलग्न व्यक्ति वा संस्थाले आवेशमा आउने, रिसाउने, विवादका पक्ष वा अन्य संलग्न व्यक्तिहरूलाई गाली गलौज गर्ने, डर देखाउने, धम्की दिने, आरोप लगाउने, शारीरिक वा मानसिक तनाव दिने, आलोचना गर्ने जस्ता कार्य गर्नु हुँदैन ।
- विवाद समाधानमा संलग्न व्यक्ति वा संस्था स्वच्छ छविको देखिनुपर्छ । उनीहरूमा विद्यमान कानून, प्रचलन, परम्परा आदिको ज्ञान हुनु जरूरी हुन्छ ।

## न्यायिक प्रक्रियाको दुरुपयोग गर्न नहुने सिद्धान्त

- विबाद समाधानमा संलग्न व्यक्ति वा संस्थाले आफूलाई सुम्पिएको जिम्मेवारी छिटोछरितोका साथ पूरा गर्नु पर्छ । साथै यथासमयमा आफ्नो जिम्मेबारी पूरा गर्न प्रयत्नशील रहनुपर्छ ।
- विवाद समाधानको प्रक्रियामा आलटाल गर्ने, ढिला गर्ने, झुक्याउने जस्ता कार्य गर्नु हुँदैन ।
- आफुलाई सुम्पिएको जिम्मेवारी समयमै सम्पन्न गर्न नसकिने कुनै कारण श्रृजना भएमा पक्षहरूलाई समयमै सो को जानकारी दिनुपर्छ ।
- यथासम्भव विवादको स्थायी र दिगो समाधान र दुवै पक्षको सन्तुष्टिमा जोड दिनुपर्छ ।

## निर्दोषिताको अनुमानको सिद्धान्त

- मुद्दा छिन्ने वा विवाद समाधानमा संलग्न व्यक्तिले पूर्वाग्रह राख्नु हुँदैन ।
- कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई निजउपर लागेको कसूर प्रमाणित नभएसम्म मुद्दा हेर्ने अधिकारी, व्यक्ति, वा निकाय वा समुहले निर्दोष मान्नुपर्छ ।
- अनौपचारिक न्याय पद्धति अन्तर्गत समाधान खोजिने सानातिना फौजदारी मुद्दाहरु र अन्य देवानी विवादमा पनि विवाद लिदा, छलफल गर्दा पनि आरोपित व्यक्ति निर्दोष रहेको मान्नुपर्छ ।
- जसले पहिले उजुर गर्‍यो उ पीडित र जसका विरूद्ध उजुर गरियो त्यसलाई पीडक मानी व्यवहार गरिनु हुँदैन ।



## क्षेत्राधिकारको सिद्धान्त

- कानून वमोजिम मुद्दा हेर्न अधिकार प्राप्त निकाय वा अधिकारीले आफूलाई त्यस्तो विवाद हेर्ने अधिकार भए नभएको यकिन गरी कानूनले अधिकार दिएको अवस्थामा मात्र त्यस्तो मुद्दा हेर्नुपर्छ।
- आफ्नो अधिकार क्षेत्रभन्दा बाहिरको विवाद भएमा दर्ता र कारवाही नगरी कुन निकाय वा पदाधिकारी समक्ष जानुपर्ने हो जानकारी गराइदिनुपर्छ।
- अनौपचारिक निकाय वा संस्थाले आफूले हेर्न नमिल्ने विवाद आएमा शुरूमै सम्बन्धित निकायमा पठाउन सकिएमा पक्षहरूको समय, श्रोत खर्च नहुने र अदालतबाट वदर हुने स्थिति पनि आउँदैन।
- चोरी, ज्यान, बलात्कार, अंगभंग, कुटपीट, मानव बेचविखन, लागू औषध, ठगी आदि गम्भीर प्रकारका फौजदारी मुद्दाहरूका विवादहरु अनौपचारिक निकायले लिन, सुन्न वा निर्णय वा सहमति गर्नु हुँदैन र पीडितलाई सम्बन्धित निकायमा पठाउनुपर्दछ।

## हकदैयाको सिद्धान्त

- हकदैया भन्नाले व्यक्तिको विवादित विषयसँगको सम्बन्ध वा सरोकारलाई जनाउँछ। विवाद वा मुद्दा दर्ता गर्दा वा लिदा त्यस्तो विवाद वा उजुरी दर्ता गर्न ल्याउने व्यक्तिको सो बिषयमा सरोकार वा सम्बन्ध छ छैन हेर्नुपर्दछ।
- सरोकार देखिएमा मात्र मुद्दा दर्ता, कारवाही तथा निर्णय गर्नुपर्छ। औपचारिक न्यायिक पद्धतिमा प्रचलित प्रस्तुत सिद्धान्तलाई अनौपचारिक न्यायिक पद्धतिमा पनि प्रयोग गर्न उपयुक्त हुने देखिन्छ।

## प्राङ्ग न्यायको सिद्धान्त

- कानून वमोजिम पुनरावेदन लाग्ने भएमा माथिल्लो अदालतले हेर्नेमा वाहेक एकपटक विवाद मिलाईसकेपछि सोही विवाद हेर्न वा पुनः निर्णय नगर्नु उपयुक्त हुन्छ। औपचारिक न्याय प्रणालीमा प्राङ्ग न्यायको सिद्धान्तलाई मान्यता दिइएको छ।
- अनौपचारिक निकायले पनि एकपटक मिलाई सकेको विवाद पुनः सोही पक्षको बीचमा उही विवाद आएका सम्बन्धित निकायमा पठाउनु उपयुक्त हुन्छ।
- यसबाट न्याय प्रवाहमा सुनिश्चितता आउने, विवादका पक्ष र समुदायको पनि श्रोत साधन र समय वचत हुने देखिन्छ।



## अनौपचारिक न्यायिक निकायले निम्न कुराहरु गर्नुहुँदैन

- राज्यको औपचारिक पद्धतिलाई होच्याउने, घृणा वा अवमूल्यन गर्ने वा मान्यता नदिने, यसका मूल्य र मान्यताहरूलाई विगार्ने तथा औपचारिक निकाय उपर अनास्था वा अनादर गर्नु हुँदैन।
- देशको विद्यमान कानून, राज्य संयन्त्र, सामाजिक मर्यादा, पक्षहरूको आत्मसम्मानमा आँच पुग्ने गरी व्यवहार गर्नुहुँदैन ।
- कानूनले नै रोक लगाएका तथा सरकारीवादी फौजदारी प्रकृतिका अपराध जस्तै ज्यान, डाँका, लागू औषध, मानव वेचविखन, जर्वजस्ती करणी आदि फौजदारी मुद्दाहरु हेर्नु हुँदैन ।
- आफूसमक्ष आएको विवादमा समाधानको प्रक्रिया अवलम्बन नगरी आलटाल गर्ने, विलम्ब गर्ने, झुलाउने जस्ता कार्य गर्नु हुँदैन ।
- औपचारिक पद्धतिबाट न्याय खोज्ने कुरामा रोक्न हुँदैन ।
- आफन्त वा आफ्ना नाता सम्बन्ध भएको व्यक्ति वा आफ्नो स्वार्थ निहित रहेको विवाद हेर्नुहुदैन ।
- कसैको पक्ष वा विपक्षमा झुकाव राखी कार्य गर्न र मोलाहिजामा पर्नु हुँदैन ।
- विवादका पक्षहरूलाई उनीहरूको इच्छा विपरीत दबाब, प्रभाव वा प्रलोभनमा पार्न वा मिलापत्र गर्न वा नगर्न हस्तक्षेप गर्नुहुँदैन ।
- कानून वमोजिम लिन पाउने वा दुवै पक्षको सहमतिबाट पाउने पारिश्रमिकवाहेक विवाद समाधानमा संलग्न भए बापत अन्य लाभ लिन वा दिन हुँदैन ।
- विवाद समाधान गर्दा जातजाति, धर्म, वर्ण, लिंग, भाषा, उमेर, आर्थिक हैसियत, राजनैतिक संलग्नता, सामाजिक र पारिवारिक स्थिति आदि आधारमा भेदभाव वा असमान व्यवहार गर्नुहुदैन ।
- पक्षले रोजेका शान्तिपूर्ण विवाद समाधानका अन्य न्यायिक बाटाहरूमा अवरोध पुऱ्याउन वा रोक लगाउन हुँदैन ।
- जातीय छुवाछुतलाई प्रश्रय दिने, महिला पुरूष बीचमा भेदभाव ल्याउने आदि जस्ता गतिविधिमा संलग्न हुनु हुदैन ।
- कानूनको विपरीत सहमति वा निर्णय गर्ने, समाजको निर्णय नमान्नेलाई सामाजिक वहिष्कार गर्ने वा गाँउ निकाला गर्ने जस्ता कार्य गर्नुहुँदैन ।
- विवाद समाधान गर्दा गाली गलौज गर्ने, डर देखाउने, धम्की दिने, आरोप लगाउने, शारिरिक वा मानसिक तनाव वा यातना दिने, आलोचना गर्ने जस्ता कार्य गर्नु हुँदैन ।
- आफुले विवाद समाधान गर्दा जानकारीमा आएका पारिवारिक वा व्यक्तिगत गोप्य कुरा वा लिखतलाई आफूलाई सुम्पिएको कर्तव्य निर्वाह गर्दा बाहेक अन्य अवस्थामा सार्वजनिक गर्नु हुँदैन ।
- कुनै एक विवादको समाधान गर्दा सकभर नयाँ विवाद श्रृजना हुने वा सामाजिक एकता, शान्ति र सुरक्षा खल्बलिने वा अवरोध पुग्ने अवस्था श्रृजना गर्नुहुँदैन ।

**महिला, कानुन र विकास मञ्च (FWLD)**
पो.ब.नं. २६५३८, काठमाडौं, नेपाल
फोन: ९७७(०)१ ४२४२६८३/४२६६४१५
फ्याक्स: ९७७ (०)१ ४२४०६२७
इमेल: fwld@fwld.wlink.com.np
वेभसाइट: www.fwld.org

**स्थानीय अग्रसरताका लागि क्यानडा कोष (CFLI)**
बालुवाटार, काठमाडौं, नेपाल
फोन: ९७७(०)१ ४४११२१८
इमेल: cfli@wlink.com.np
वेभसाइट: www.india.gc.ca